# बाल अस्पताललाई शाह परिवारद्वारा चार करोड सहयोग

**काठमाडौं**/ काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (केआइओसिएच)लाई विजयकुमार शाह परिवारले चार करोड रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। तीनपटकसम्म शीर्ष करदाता बनिसकेका शाह परिवारले बाल शल्यचिकित्सा इन्टेन्सिभ केयर युनिट पिएसआइसियू र डे केयर सर्जरी शाखाको आवश्यक भौतिक संरचना निर्माणका लागि सोबराबरको रकम सहयोग गर्ने प्रतिबद्धता जनाएको हो।

यो सहयोगले बाल स्वास्थ्य सेवामा उल्लेखनीय सुधार गर्ने बताइएको छ, जसका माध्यमबाट विशेष स्याहारको आवश्यकता परेका बालबालिकाको गम्भीर अवस्थाको शल्यक्रिया गर्न सकिनेछ। शाह परिवारको महत्त्वपूर्ण सहयोगको सम्मान गर्दै पिएसआइसियू र डे केयर सर्जरी शाखाको तलालाई रुस्लान पिएसआइसियू नामकरण गरिने केआइओसिएचले जनाएको छ।

शाह परिवारले यसअघि १३ भदौमा प्राथमिक चरणमा एक करोड रुपैयाँ प्रदान गरिसकेको छ। त्यस्तै, कुल सहयोग प्रतिबद्धतामध्ये बाँकी तीन करोड रुपैयाँ निर्माण योजना सुरु भएपछि जेजिआई नेपाल फाउन्डेसनको समन्वय र सहजीकरणमा आर्थिक रूपमा प्रदान गरिनेछ।

# हुन्डाईको १० करोड कार उत्पादनको लक्ष्य पूरा

**काठमाडौं**/ हुन्डाई मोटर कम्पनीले १० करोड वैश्विक कार उत्पादनको कोसेढुंगा पूरा गरेको छ। सन् १९६७ मा कोरियाको उल्सान प्लान्टबाट उत्पादन सुरु गरेको कोरियन अटोमोबाइल कम्पनी हुन्डाईले ५७ वर्षमा १० करोड कार उत्पादन पूरा गरेको सूचनामार्फत जनाएको छ। कम्पनीले १० करोड युनिट पूरा भएपछिको खुसीमा पहिलो कार आयोनिक पाँच सीधै ग्राहकलाई डेलिभरी गरेको जनाएको छ।



कम्पनीका अनुसार पाँच करोड कार उत्पादनको कोसेढुंगा भेट्टाउन सन् २०१३ सम्म ४६ वर्ष लागेको थियो। साथै, थप पाँच करोड युनिट गाडी ११ वर्षमै उत्पादन गरी १० करोड संख्या पुऱ्याएको हो।

हुन्डाई मोटर्सको कोरियाबाहेक टर्कीमा पहिलो अन्तर्राष्ट्रिय प्लान्ट सन् १९९७ मा बनाएको थियो। हाल कम्पनीको चेक रिपब्लिक, टर्की, भारत तथा अमेरिकालगायत आठ देशमा ११ वटा उत्पादन प्लान्ट रहेका छन्। यी प्लान्टहरूको कुल वार्षिक क्षमता ५० लाख युनिट रहेको बताइएको छ।

# एनसेल फाउन्डेसनद्वारा कपिलवस्तुमा निःशुल्क स्वास्थ्य शिविर

**काठमाडौं**/ एनसेल फाउन्डेसनले सोमबार कपिलवस्तु नगरपालिका- ९, निग्लिहवामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। शिविरमा चार सयभन्दा बढी स्थानीयले निःशुल्क स्वास्थ्य परामर्श तथा सेवाको लाभ लिएका थिए।

नेपाल हृदयरोग निवारण प्रतिष्ठान र निग्लिहवा स्वास्थ्य चौकीसँगको सहकार्यमा सञ्चालित यस शिविरमा मुटु रोग तथा स्त्री रोगसम्बन्धी विशेषज्ञ डाक्टरबाट इसिजी, मधुमेह तथा रक्तचापको जाँच गरिएको थियो। साथै, बिरामीलाई आवश्यकताअनुसारको निःशुल्क औषधि दिइएको थियो।

यस्ता स्वास्थ्य शिविरले स्वास्थ्यसम्बन्धी केही समस्या भए पहिल्याउँदै समयमा नै निदान




गर्न सहयोग पुग्नेछ। फाउन्डेसनले आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (सिएसआर)अन्तर्गत कपिलवस्तुमा सञ्चालन गरेको यो तेस्रो निःशुल्क स्वास्थ्य शिविर हो। यसअघि कपिलवस्तुको मायादेवी गाउँपालिका र बाणगंगा नगरपालिकामा यस किसिमको निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको एनसेलले जनाएको छ। साथै, एनसेल फाउन्डेसनले कपिलवस्तुका अन्य दुई विकट क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्नेछ। एनसेलले शिक्षा, वातावरण र स्वास्थ्यलगायतका विभिन्न क्षेत्रका सामाजिक परियोजनामा दुई अर्बभन्दा बढी योगदान गरिसकेको जनाएको छ।


## Chilime Jalavidyut Company Limited

### Invitation for Bids (IFB)

**(First date of notice publication: 2081/06/16)**

Chilime Jalavidyut Company Limited has invited Electronic Bids for Supply and Installation of Interior Fabrication/Construction with VRF type HVAC System on the Sixth Floor of Chilime Tower, Dhumbarahi, Kathmandu (Contract CJCL/CT/IW/NCB/01/2081-82) following National Competitive Bidding (NCB) under single-stage two-envelope bidding procedures. Bidding is open to all eligible bidders.

For the detailed information please visit PPMO's website www.bolpatra.gov.np



## Gandaki Province Government
Ministry of Physical Infrastructure Development & Transport Management
Infrastructure Development Directorate
### Infrastructure Development Office, Syangja
### Invitation for Bids
**Date of Publication: 2081-06-16 (2024 October 02)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under Sealed Quotation Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | Dhaleko Sami Pangeni Danda Hudai Thamko Chaur Jane Sadak Staronnati, Waling 06 | IDOSYANGJA/SQ/W/R/02/081/82 | 19,28,649.44 | 50,000.00 |
| 2 | Latrepipal - Dandapari - Upallo Pandhera - Syaniswara Sadak, Putalibazar 5 | IDOSYANGJA/SQ/W/R/03/081/82 | 19,23,536.58 | 50,000.00 |
| 3 | Kaule Piuri Dovan Sadak Staronnati, Putalibazar 6 | IDOSYANGJA/SQ/W/R/04/081/82 | 19,31,044.30 | 50,000.00 |
| 4 | Bagalthok Khola-Kolako Chautari Sadak,Putalibazar 11 | IDOSYANGJA/SQ/W/R/05/081/82 | 19,31,507.77 | 50,000.00 |
| 5 | Karendanda-Ghumauney Chautara Gramin Sadak, Putalibazar-11 | IDOSYANGJA/SQ/W/R/06/081/82 | 9,65,703.92 | 25,000.00 |
| 6 | Kanchi Bazar Narayangad Lumdi Chandrakot Krishi Sadak Sudhar Putalibazar- 10, Syangja | IDOSYANGJA/SQ/W/R/07/081/82 | 19,28,134.80 | 50,000.00 |
| 7 | Katujepani Gairipokhari Sadak Staronnati, Putalibazar 13 | IDOSYANGJA/SQ/W/R/08/081/82 | 14,46,409.25 | 38,000.00 |
| 8 | Latiko Puchhara Golkhola Simalgaira Sadak Storannati Tatha Nala Nirman, Putalibazar 13 Syangja | IDOSYANGJA/SQ/W/R/09/081/82 | 19,30,213.61 | 50,000.00 |
| 9 | Thulakuna- Nageshwor Dham- Ghaderigau, Putalibazar 11 | IDOSYANGJA/SQ/W/R/10/081/82 | 19,31,009.69 | 50,000.00 |
| 10 | Budikuna-Durga Mandir Fulbari Margha, Putalibazar-11, Syangja | IDOSYANGJA/SQ/W/R/11/081/82 | 19,25,851.65 | 50,000.00 |
| 11 | Bayarghari Jagatpur Keraghari Sadak, Bhirkot 1 Syangja | IDOSYANGJA/SQ/W/R/12/081/82 | 19,31,178.10 | 50,000.00 |
| 12 | Cableghari Dekhi Majhuwa Hudai Keladighat Mandir Jodne Sadak, Chapakot 6 Ra 7 | IDOSYANGJA/SQ/W/R/13/081/82 | 19,28,792.02 | 50,000.00 |

Last Date of Bid Submission : **2081/07/02 (2024 October 18)**

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**



## BEST FINANCE COMPANY LTD.
## बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय :**
बेष्ट भवन, कमलादी, काठमाण्डौं
**फोन :** ०१-४५४२४६१/६२/६३

### धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे ३ दिने अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०६/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको मुख्य शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत तपाईले ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३ **दिनभित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकी रकम चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनुहुने सुरक्षणधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ। उल्लेखित समय भित्रकर्जा चुक्ता फर्छ्यौट नगरे/नगराएमा ४ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल :**

| ऋणीको नाम थर तथा तिन पुस्ते विवरण | संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण | |
|---|---|---|
| १. **ऋणीको नामः उपकार मिडिया ग्रुप प्रा.लि.**<br>दर्ता भएको कार्यालयः नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी राजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं<br>दर्ता नं. : २४३५१६/०७७/०७८<br>दर्ता मिति : २०७७/०६ /१४<br>प्यान नं. : ६०९८१२६१९<br>फर्मको ठेगानाः काठमाण्डौ म.न.पा. वडा नं ७, सिफल, काठमाण्डौं<br>हालः ललितपुर वडा नं ३, कृष्ण गल्ली, ललितपुर<br>**अख्तियार प्राप्त संचालकको नामः कमल शाह**<br>**कर्जा शिर्षक : हा.प. कर्जा**<br>**शाखा कार्यालय : मुख्य शाखा** | **क) नामः केदार नाथ शर्मा**<br>बुबाको नामः रत्नाखर शर्मा<br>बाजेको नामः रभी लाल शर्मा<br>ठेगानाः काठमाण्डौं म.न.पा. वडा नं ४, काठमाण्डौं<br>ना.प्र.नं. : २१७३९<br>जारी मिति : २०५०/०८/०८, बाँके<br>**ख) नामः ईन्द्रमान बुढा**<br>बुबाको नामः हिरा बहादुर बुढा<br>बाजेको नामः प्रमाण बुढा<br>ठेगानाः ढोरपाटन वडा नं ४, बाग्लुङ<br>ना.प्र.नं. : ६६६/२७३<br>जारी मिति : २०५१/०३/१७, बाग्लुङ | **ग) नामः कमल शाह**<br>बुबाको नामः छत्र बहादुर शाही<br>बाजेको नामः खड्ग बहादुर शाही<br>ठेगानाः भिमेश्वर न.पा. वडा नं.७, दोलखा<br>हालः चन्द्रागिरी न.पा. वडा नं.३ थानकोट, काठमाण्डौं<br>ना.प्र.नं. : १४३७६, दोलखा<br>जारी मिति : २०५६/०२/०६ |
| **सुरक्षण धितोको विवरणः** यातायात व्यवस्था कार्यालय साना तथा ठुला सवारी साधन बाग्मती प्रदेश ललितपुरमा यस संस्थाको नाममा दर्ता कायम रहि ऋणी **उपकार मिडिया ग्रुप प्रा.लि.** कायम रहेको निम्न अनुसारको सवारी साधन। सवारी सवारी दर्ता नंः **बाग्मती प्रदेश ०१-०२७ च ०१३३** नं को मारुती सुजुकी EECO Van थान १। | | |

**पुनश्च** : माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो सम्पत्तिको संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता, फर्मका प्रोप्राईटर तथा धितो सुरक्षण लेखि दिनुहुने सुरक्षण । धनी समेतलाई पूनः अनुरोध गरिन्छ। अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमा नै उपस्थित भई लिलाम सम्बन्धी कार्यको प्रत्यक्ष जानकारी लिनहुन समेत यसै सूचना मार्फत सूचित गएिको छ।

**लिलाम बिक्रीका मुख्य शर्तहरु :**

१) बोलपत्र आवेदन फारम मिति २०८१/०६/१६ गते देखि संस्थाको प्रधान कार्यालयबाट रु.१०००/- तिरी प्राप्त गर्न सकिनेछ।
२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको Payable Auction Deposit A/C no. 917105010080 खातामा नगद दाखिला गरी सो को सक्कल भौचर वा बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ। यसमा कुनै व्याज गणना हुने छैन।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ।
४) शिलबन्दी बोलपत्र फारम मिति २०८१/०६/१८ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन।

**(लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा साथै शिलबन्दी खोलिने मिति, समय र स्थान यस संस्थाको वेबसाइट www.bestfinance.com.np मा समेत रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ)।**



## दक्षिणकाली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय, फर्पिङ्ग, काठमाडौं**
### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना
**प्रकाशित मिति : २०८१/०६/१६**

यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दाको प्रकाशित गरिने सूचनाहरु न्यूनतम दररेटमा 'क' वर्गको राष्ट्रियस्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र मूल्यांकन समितिको सिफारिश अनुसार सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्नको लागि मिति २०८१/०६/१४ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्मको नाम | राष्ट्रिय दैनिक पत्रिकाको नाम | रकम मू.अ.कर बाहेक रु. प्रति सि.सि. |
|---|---|---|---|
| १ | एड.चौतारी प्रा.लि. | कान्तिपुर | ६६०/- |
| | | हिमालय टाइम्स | ३७९/- |
| | | अभियान | ३७९/- |
| | | मध्यान्ह | ३७९/- |
| २ | फ्यूचर हब मिडिया मल्टिपर्पोज प्रा.लि. | अन्नपूर्ण | ३३१/- |
| | | नयाँ पत्रिका | ३३८/- |
| ३ | पब्लिक एड्भारटाइजिङ्ग प्रा.लि. | नागरिक | ३६०/- |
| | | राजधानी | ३७१/- |
| | | कारोबार | ३७४/- |

**दक्षिणकाली नगरपालिका**



## Subhakalika Rural Municipality
## Office Of The Rural Municipal Executive
**Karnali Province**
**Kalikot,Nepal**
### Letter of Intent (LOI)
Date of Publication: 2081/06/16(2th October, 2024)

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per IFB NO : SRM/KKT/GOODS/NCB/01/2081-2082 published on Mahayana National Newspaper published on 2081/05/10 (26th August, 2024) to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Without VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IFB NO : SRM/KKT/GOODS/NCB/01/2081-2082 | Supply and Delivery of a Crawler mounted hydraulic excavator (21 Ton class) with breaker | MAW Earth Movers Pvt. Ltd. | 1,09,44,000 |

**Asst. Chief Administrative Officer**



## Shivapuri Rural Municipality
## Office of the Rural Municipal Executive
**Sherabagar, Nuwakot**
**Bagamati Pradesh, Nepal**
### Invitation Bids for the Construction of Roads and Building
**(Date of First publication: 2081/06/16 B.S.)**

Shivapuri Rural Munucipality, Nuwakot invites electronic bids only from Nepalese eligible bidders for the construction of Projects as mentioned below. Eligible Bidders may obtain all further information from PPMO's website http://www.bolpatra.gov.np/egp.

| S. N. | Contract Id | Name of Project | Total Project Cost Including VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid doc fee NRs |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/WORKS/081-082/06 | Pirati Tole Basgote Saune Silage Budhathoki Tole Sadak Staronnati | 24,96,434.60 | 60,000.00 | 3000.00 |
| 2 | SRM/NCB/WORKS/081-082/07 | Sano Chhahare Dhodeni Hudai Satdobato Sichai | 24,73,200.63 | 60,000.00 | 3000.00 |
| 3 | SRM/NCB/WORKS/081-082/08 | Gurje Khola Muhan Gari Sunkhani Sinchai | 24,49,722.46 | 60,000.00 | 3000.00 |
| 4 | SRM/NCB/WORKS/081-082/09 | Tamu Samaj Bhawan Nirman Shivapuri 7 | 24,81,654.97 | 60,000.00 | 3000.00 |
| 5 | SRM/NCB/WORKS/081-082/10 | Mane Shwarthok Katarbot Hudai Krishi Ring Road Jodne Motor Bato Staronnati | 24,31,550.77 | 60,000.00 | 3000.00 |
| 5 | SRM/NCB/WORKS/081-082/11 | Mane Stupa-Jhyalimadal Mahadev-Mahadev Danda-Syaurebhume Mahadev Padmarga | 39,07,265.39 | 95,000.00 | 3000.00 |

**Chief Administrative Officer**


# स्ट्याण्डर्ड चार्टर्ड र छिमेक लघुवित्तबिच ऋण सम्झौता




**काठमाडौं**/ एसियाली विकास बैंक (एडिबी)सँगको सहकार्यमा स्ट्यान्डर्ड चार्टर्ड बैंक र छिमेक लघुवित्तबिच ऋण सम्झौता भएको छ। सम्झौता हस्ताक्षर कार्यक्रममा एडिबीका कन्ट्री डाइरेक्टर आर्नोड काउकोइस र निजी क्षेत्र सञ्चालन विभागका महानिर्देशक सुजैन गाबोरी, बैंकका प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दस्तिदार, छिमेक लघुवित्तका सिइओ दीपकनिधि तिवारीलगायतको उपस्थिति रहेको थियो।

सम्झौताअनुसार एडिबीले स्ट्यान्डर्ड बैंकमार्फत लघुवित्तलाई ऋण सहयोग गर्ने र लघुवित्तले उक्त रकम ग्रामीण क्षेत्रका सीमान्तकृत समुदायका व्यक्तिलाई आय-आर्जनका लागि लगानी गर्ने बताइएको छ। सो ऋण ग्रामीण क्षेत्रमा वित्तीय पहुँच बढाउन मद्दत पुग्ने बैंकको विश्वास छ। यस्तो सम्झौता नेपालमै पहिलोपटक भएको बैंकले जनाएको छ। लघुवित्तका सिइओ तिवारीले यो ऋण सहयोग नेपालका ग्रामीण भेगमा रहेका सीमान्तकृत समुदायको आर्थिकस्तर उकास्न उपयोग गरिने बताए।


### बिमालेख हरायो

मिति २०७१/४/१५ गते रत्नपार्कदेखि बानेश्वरसम्म जाँदा सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : भगवति कुमारी खड्का**
बीमालेख नं. : 3210000023
सम्पर्क नं. : 9851138284


# मर्चेन्ट बैंकर एसोसिएसनको अध्यक्षमा रायमाझी



**काठमाडौं**/ नेपाल मर्चेन्ट बैंकर एसोसिएसनको अध्यक्षमा एनआइसी एसिया क्यापिटलका रामेन्द्र रायमाझी निर्वाचित भएका छन्। संस्थाको सोमबार सम्पन्न वार्षिक साधारणसभाले रायमाझीको नेतृत्वमा कार्यसमिति चयन गरेको हो।

त्यस्तै, उपाध्यक्षमा नबिल इन्भेस्टमेन्ट बैंकका मनीषनारायण जोशी, महासचिवमा गरिमा क्यापिटलका निर्मल भट्टराई र कोषाध्यक्षमा एनआइएमबि एस क्यापिटलका शिवान्तबहादुर पाण्डे चयन भएका छन्। साथै, कार्यसमिति सदस्यमा सन्दीप कार्की (सिद्धार्थ क्यापिटल), लेखनाथ पोखरेल (नेपाल एसबिआई मर्चेन्ट) र पुष्पा शर्मा (कुमारी क्यापिटल) रहेका छन्।

विभिन्न मर्चेन्ट बैंकिङका प्रतिनिधि सामेलसमेत रहेका उक्त नयाँ कार्यसमिति सदस्यहरू नेपालमा मर्चेन्ट बैंकिङको भूमिकालाई प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताएका छन्। उक्त समितिको मुख्य ध्यान पुँजी बजारको पहुँचमा सुधार, दिगो वित्तीय अभ्यासलाई प्रोत्साहन तथा नियामक निकायहरूसँग सम्बन्ध मजबुत पार्नेमा केन्द्रित रहने बताइएको छ।

नवनिर्वाचित समितिले वित्तीय क्षेत्रका सरोकारवाला र नियामक निकायसँग नेपाल मर्चेन्ट बैंकर एसोसिएसनको सहकार्यलाई अझ बलियो बनाउन लक्ष्य राखेको छ।

# एनआइसिसिआईका प्रतिनिधि र इटालीका वाणिज्यदूतको भेट

**काठमाडौं**/ नेपाल इटाली चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (एनआइसिसिआई)ले कोलकातास्थित इटालीका महावाणिज्यदूत रिकार्डो डल्ला कोस्टासँग उच्चस्तरीय द्विपक्षीय भेटवार्ता गरेको छ। भेटवार्तामा एनआइसिसिआईका अध्यक्ष सञ्जय अग्रवाल र नेपालका लागि इटालीका मानार्थ वाणिज्यदूत प्रतिमा पाण्डेको नेतृत्वमा नेपाल र इटालीबिच व्यापार सम्बन्ध सुदृढ पार्ने उद्देश्यका साथ छलफल भएको छ।

बैठकले उत्पादन, कृषि, पर्यटन र प्रविधिजस्ता मुख्य क्षेत्रहरूमा सहकार्यको महत्त्वलाई जोड दिएको बताइएको छ। दुवै देशका लागि सम्भावित वृद्धि क्षेत्र पहिचान गरी आगामी व्यापार मेला र व्यावसायिक फोरमहरूको योजना पनि बन्नेछ, जसले सीमापार लगानी र साझेदारीका अवसरलाई प्रोत्साहित गर्ने एनआइसिसिआईले जनाएको छ।

दुवै पक्षले आर्थिक सम्बन्धलाई अझ मजबुत बनाउन साझा दृष्टिकोण राखेका छन्।